# प्रेस विज्ञप्ती

## ललितपुरका सरकारी निकायका उच्च पदस्थ अधिकृतहरुलाई संघमा स्वागत

२०७४ असार २ गते,

ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री सबिन श्रेष्ठको सभापतित्वमा आज संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरि ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री राजकुमार श्रेष्ठ लगायत जिल्ला स्थित कार्यालय प्रमुख तथा अधिकृतहरुलाई स्वागत एवं सम्मान गरियो ।

कार्यक्रममा संघका अध्यक्ष श्री सबिन श्रेष्ठले उद्योग व्यवसायीहरुको एकमात्र छाता संगठन ललितपुर उद्योग वाणिज्य संघले यस जिल्लाको उद्योग तथा व्यापार व्यवसायको संरक्षण, सम्वर्द्धन, आर्थिक तथा सामाजिक विकासको लागि विगत ५० वर्ष देखि निरन्तर कार्य गर्दै आएको बताउनु भयो । अध्यक्ष श्री श्रेष्ठले ललितपुर जिल्लाका आर्थिक विकासका साथै विकास निर्माण कार्यमा नीजि क्षेत्र र सरकारी कार्यालय बिच सहकार्य गर्दै जानु पर्नेमा पनि जोड दिनुभयो ।

अध्यक्ष श्री श्रेष्ठले ललितपुर जिल्ला कला, संस्कृति र सम्पदाको धनी जिल्ला हो । ललितपुर जिल्लालाई देशकै उत्कृष्ट जिल्ला एवं नमूना जिल्लाको रुपमा अगाडि बढाउन ल.उ.वा.संघ सदैव प्रयत्नशील रहेको बताउनु भयो ।

यसै अवसरमा प्रमुख जिल्ला अधिकारी श्री राजकुमार श्रेष्ठले सरकारी प्रशासनबाट जिल्लाका आर्थिक विकासका साथ साथै विकास निर्माण एवं सुरक्षामा जिम्मेवार बनाउन आफुले हर संम्भव सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै सरकारी अधिकारीहरुले जनता प्रति जवाफदेहि भएर सेवाग्राहीहरुको काम गर्नु पर्नेमा जोड दिनु भयो ।

उद्योग व्यवसायको विकासका साथै सरकारी निकाय र व्यवसायी बिच राम्रो सम्बन्ध बनाई राख्न ललितपुर उद्योग वाणिज्य संघले खेलेको भूमिका प्रति सन्हानिय व्यक्त गर्नुहुंदै उक्त कार्य अरु जिल्लाको लागि उदाहरणीय बन्ने समेत उहांले बताउनु भयो ।

कार्यक्रममा ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जन, उपमेयर गीता सत्याल र नि.व. प्रमुख जिल्ला अधिकारी श्री दिपक काफ्ले समेत बोल्नु भएको थियो ।

कार्यक्रम संचालन महासचिव श्री भरत लाल जोशीले गर्नु भएको थियो भने धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष श्री रविन्द्र राज ताम्राकारले दिनु भएको थियो ।


ललितपुर उद्योग वाणिज्य संघ
बधाई तथा सम्मान कार्यक्रम
२०७४ असार
शुक्रवार